मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

**सत्रान्त परीक्षा - २०८०**

**तह : एम.एड./प्रथम सेमेस्टर** **पूर्णाङ्क: ६०**

**समय: ३ घण्टा** **उत्तीर्णाङ्क: ३०**

**विषय:** आधुनिक नेपाली कथा (नेपा. शि. ५१६)

---

*परीक्षार्थीहरूले मौलिक तथा सिर्जनात्मक ढङ्गले उत्तर दिनुपर्नेछ ।*

**समूह 'ख'**

**तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर लेख्नुहोस् ।** **६×५= ३०**

१. कथा वर्गीकरणका आधारहरू उल्लेख गर्दै रीति क्षेत्र अन्तर्गतका कथाहरूलाई चिनाउनुहोस् ।

२. आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका विशेषताहरूको चर्चा गर्नुहोस् ।

३. 'लोग्ने' कथाकी प्रमुख पात्र निर्मलाका चारित्रिक विशेषताहरूको समीक्षा गर्नुहोस् ।

**अथवा**

'श्वेतभैरवी' कथाका आधारमा फगुनीका चारित्रिक विशेषताहरुको निरुपण गर्नुहोस् ।

४. 'परालको आगो' कथामा प्रयुक्त परिवेशले कथालाई कसरी जीवन्तता प्रदान गरेको छ ? समीक्षा गर्नुहोस् ।

५. कथाकार इन्द्रबहादुर राईका कथात्मक प्रवृत्तिका आधारमा 'त्यसरी बाँचेको छ, त्यसरी नै' कथाको उद्देश्यमाथि प्रकाश पार्नुहोस् ।

६. आधुनिक नेपाली समाजका विकृति र विसङ्गतिलाई व्याङ्ग्य प्रहार गर्ने मध्यमका रूपमा 'तिम्री स्वास्नी र म' कथाको विषयवस्तु बनेको छ भन्ने तथ्यलाई पुष्टि गर्नुहोस् ।

**अथवा**

पुरुष प्रधान समाजको यथार्थतालाई 'उसको कथा' कथामा कसरी प्रस्तुत गरिएको छ ? चर्चा गर्नुहोस् ।

**समूह 'ग'**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।** **२×१०= २०**

७. अस्तित्ववादी र विसङ्गतिवादी जीवन दृष्टिका आधारमा 'सडक र प्रतिभा' कथा को मूलमर्म पत्ता लगाउनुहोस् ।

८. आधुनिक नेपाली कथामा कथाकार रमेश विकलको स्थान निरूपण गर्दै परिवेश विधानका आधारमा 'शव, सालिक र सहस्र वुद्ध' कथाको समीक्षा गर्नुहोस् ।

**अथवा**

सामाजिक कथाकारका रूपमा परशु प्रधानलाई चिनाउँदै 'डल्ले खोला' कथाले सामाजिक विकृतिलाई कसरी उदाङ्गो पारेको छ ? समीक्षा गर्नुहोस् ।

**समाप्त**

मध्यपश्चिम विश्वविद्यालय

# परीक्षा व्यवस्थापन कार्यालय

सुर्खेत, नेपाल

सत्रान्त परीक्षा - २०८०

**तह : एम.एड./प्रथम सेमेस्टर**

विषय: आधुनिक नेपाली कथा (नेपा. शि. ५१६)

**रोल नं. ........................**

**समूह 'क'**

**तलका दिइएका बहुवैकल्पिक प्रश्नहरूको सही उत्तर छान्नुहोस् ।** १०x१= १०

१. परिधीय दृष्टिविन्दु भन्नाले कुन कुरालाई बुझाउँछ ?
(क) म पात्रले आफ्ना बारेमा आफै भन्नु
(ख) म पात्रले अर्काका बारेमा बताउनु
(ग) म पात्र तटस्थ बस्नु
(घ) म पात्र मार्फत कथाकारले आफ्नो विचार व्यक्त गर्नु ।

२. आधुनिक नेपाली कथाको प्रारम्भ कुन धाराबाट भएको हो ?
(क) प्रगतिवादी यथार्थवादी (ख) मनोवैज्ञानिक यथार्थवादी
(ग) सामाजिक यथार्थवादी (घ) अतियथार्थवादी

३. त्यो फेरि फर्कला ? कथामा मूलतः कुन मनोविज्ञानको प्रयोग गरिएको छ ?
(क) अपराध मनोविज्ञान (ख) बालमनोविज्ञान
(ग) यौनमनोविज्ञान (घ) नारीमनोविज्ञान

४. त्यसरी बाँचेको छ , त्यसरी नै कथामा आयमेली दृष्टिकोणले नेपालीलाई कसरी हेरिएको छ ?
(क) लम्बाइ (ख) उचाइ
(ग) गहिराइ (घ) चौडाइ

५ . निराशा बोधको भावनाबाट प्रेरित पात्रको प्रयोग गरी लेखिएको कथा कुन हो ?
(क) सडक र प्रतिभा (ख) त्यो फेरि फर्कला ?
(ग)डल्ले खोला (घ) परालको आगो

६. 'श्वेतभैरवी' कथामा कोशीको बाढीसँग फगुनीको कुन अवस्थालाई तुलना गरिएको छ ?
(क) फक्रिदो जवानी (ख) यौन उत्तेजना
(ग) चुमौन (घ) शालीनता

७. 'उसको कथा' कथामा गरिबहरूको सम्मानलाई केसँग मिलान भएको देखाइएको छ ?
(क) धुलो (ख) हावा
(ग) पानी (घ) आकाश

८ 'डल्ले खोला कथाको मूल सन्देश कुन हो ?
(क) गरिबी र अभाव देखाउनु (ख) आर्थिक भ्रष्टाचारको भण्डाफोर
(ग) गाउँका ठालुहरुको प्रशंसा गर्नु (घ) पञ्चेहरुको जीवन दर्शन

९. 'शव, सालिक र सहस्र बुद्ध' कथामा कुन जीवन दर्शनको प्रयोग गरिएको छ?
(क) अस्तित्ववादी जीवन दर्शन (ख) आदर्शवादी जीवन दर्शन
(ग) मार्क्सवादी जीवन दृष्टि (घ) प्रयोगवादी जीवन दृष्टि

१०. रुपविन्यास अन्तर्गत कथाको कुन तत्व पर्दैन ?.
(क) शीर्षक (ख) बिम्ब प्रतीक
(ग) परिवेश (घ) भाषाशैली